# नेपाल राष्ट्र बैंक
## भुक्तानी प्रणाली विभाग

पत्र संख्या : भु.प्र.वि/नीति/परिपत्र/१/०७७/७८

मितिः- २०७७/०४/०४

भुक्तानी सम्बन्धी कार्य गर्ने सम्बन्धित सबै संस्थाहरु ।

विषयः **अ.प्रा.निर्देशन नं. १/०७६ मा थप गरिएको सम्बन्धमा ।**

महाशय,

यस बैंकबाट अनुमतिपत्रप्राप्त भुक्तानी सम्बन्धी कार्य गर्ने संस्थाहरुलाई मिति २०७६/९/१७ मा जारी गरिएको भुक्तानी प्रणाली सम्बन्धी एकीकृत निर्देशन-२०७६, अ.प्रा.निर्देशन नं. १ मा देहाय बमोजिम थप गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. **अ.प्रा. निर्देशन नं. १/०७६ मा बुँदा नं. १ (ङ) थप :**
एउटा बैंक तथा वित्तीय संस्थाले जारी गरेका ATM कार्ड स्वदेश भित्रै अर्को बैंक तथा वित्तीय संस्थाको ATM मा प्रयोग गर्दा कार्ड प्रयोगकर्ता सँग कुनै शुल्क लिन पाइने छैन ।

भवदीय,

(भुवन कडेल)
कार्यकारी निर्देशक

**बोधार्थः**

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरवार, काठमाडौं ।
३. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रबर्द्धन तथा सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग
९. श्री नेपाल बैंकर्स संघ, काठमाडौं ।
१०. श्री नेपाल डेभलपमेन्ट बैंकर्स संघ, काठमाडौं ।
११. श्री नेपाल वित्तीय संस्था संघ, काठमाडौं ।
१२. श्री भुक्तानी प्रणाली सञ्चालक तथा भुक्तानी सेवा प्रदायक संस्थाहरु ।